# वार्षिक प्रगति प्रतिवेदन

## आर्थिक वर्ष २०८०/०८१


सुदूरपश्चिम प्रदेश सरकार

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

धनगढी, कैलाली

# विषय सूची


१. पृष्ठभूमि .......... २

२. संगठन संरचना .......... ४

३. मन्त्रालयको संगठन संरचना .......... ४

४. कार्य क्षेत्र .......... ५

४.१ पूर्वाधार विकास कार्यालयहरु .......... ५

४.२ शहरी विकास तथा भवन कार्यालयहरु .......... ५

४.३ जलश्रोत तथा सिंचाई कार्यालयहरु .......... ५

४.४ खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरु .......... ६

४.५ यातायात व्यवस्था कार्यालयहरु .......... ६

४.६ दरवन्दी सम्बन्धी विवरणहरु .......... ६

५. प्रदेश स्थापना भए देखि आ.व.०८०/८१ सम्म सम्पन्न प्रमुख कार्य एवँ उपलब्धीहरु .......... ७

५.१ नीति तथा कानूनी सुधारका क्षेत्रहरु .......... ७

५.२ संरचनागत सुधारका क्षेत्रहरु .......... ८

६. पुर्वाधार क्षेत्रमा भएका मुख्य उपलब्धीहरु .......... ९

६.१ ऊर्जा, जलस्रोत, सिंचाइ तथा तटबन्धन .......... ९

६.२ खानेपानी, सरसफाइ तथा स्वच्छता .......... ९

६.३ आवास तथा शहरी विकास .......... ९

६.४ पूर्वाधार विकास, सडक तथा पुल .......... १०

६.६ यातायात व्यवस्था .......... १०

७. आ.व.२०८०/८१ को वार्षिक प्रगति एवँ मुख्य उपलब्धीहरु .......... १०

८. आर्थिक वर्ष २०८०/०८१ मा भएका मुख्य वार्षिक उपलब्धीहरु .......... ११

८.१ ऊर्जा, जलस्रोत, सिंचाइ तथा तटबन्धन .......... ११

८.२ खानेपानी, सरसफाइ तथा स्वच्छता .......... ११

८.३ आवास तथा शहरी विकास .......... ११

८.४ पूर्वाधार विकास, सडक तथा पुल .......... ११

८.५ यातायात व्यवस्था तर्फ .......... १२

९. फोटोहरु .......... १३

## १. पृष्ठभूमि

नेपालको संविधानले मुलुकलाई संघीय संरचनामा रुपान्तरण गरे सँगै संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संघीय संरचना अनुकूल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली लागू गरी तीनै तहले गर्ने कार्य जिम्मेवारीहरूको कार्यसूची समेत स्पष्ट व्यवस्था गरेको छ। सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेश स्तरका भौतिक पूर्वाधार तथा यातायात व्यवस्था, ऊर्जा, जलस्रोत तथा सिंचाइ, शहरी विकास तथा भवन निर्माण, खानेपानी तथा सरसफाइ लगायतका विषयहरु यस मन्त्रालयको कार्यक्षेत्र भित्र पर्दछन् । भौतिक पूर्वाधारसँग सम्बन्धित क्षेत्रहरुका लागि आवश्यक नीति, कानुन, गुरुयोजना, योजना, मापदण्ड, कार्यविधि, निर्देशिका, अनुगमन, मूल्याङ्कन, मर्मत सम्भार, समन्वय, नियमन, अध्ययन, अनुसन्धान लगायत कार्यहरु यस मन्त्रालयबाट सम्पादित हुन्छन् । यस मन्त्रालय मातहत ९ वटा जिल्लामा २९ वटा क्षेत्रगत कार्यालयहरु रहेका छन् । सुदूरपश्चिम प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०७४ बमोजिम यस कार्यालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छ ।

१. प्रदेशस्तरको उर्जा, विद्युत, सिंचाई, खानेपानी, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानून, मापदण्ड, गरूयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार, समन्वय र नियमन ।
२. प्रदेशस्तरमा उर्जा, विद्युत, सिंचाई तथा खानेपानी सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन ।
३. उर्जा, विद्युत, सिंचाई सेवा बिस्तरमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड र नियमन ।
४. राष्ट्रिय जलस्रोत नीति र संघीय योजना बमोजिम प्रदेश सीमा नदीका जलउपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, संभार र व्यवस्थापन ।
५. प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरू योजना तर्जुमा, कार्यन्वयन, अनुगमन र सञ्चालनमा समन्वय ।
६. प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन ।
७. मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन र जलगुण तथा वायू गुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन ।
८. प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन ।
९. प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण ।
१०. प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन ।
११. वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन ।

१२. प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन ।

१३. रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन ।

१४. प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन ।

१५. प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत संभार र आवास तथा भवन सम्बन्धी योजनाहरुको कार्यान्वयन र मार्ग निर्देशन ।


१६. प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन ।

१७. प्रदेशस्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन ।

१८. प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजना र पूर्वाधार निर्माण ।

१९. सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन ।

## २. संगठन संरचना




## ३. मन्त्रालयको संगठन संरचना



४. कार्य क्षेत्र

- ऊर्जा, जलस्रोत तथा सिँचाइ
- खानेपानी तथा सरसफाइ
- बस्ती विकास तथा शहरीकरण
- यातायात पूर्वाधार (सडक/पुल)
- यातायात ब्यवस्था

## ४.१ पूर्वाधार विकास कार्यालयहरु

भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूरपश्चिम  प्रदेश मातहतमा यातायात पूर्वाधार निर्देशनालय अन्तर्गत सडक, सडक पुल, झोलुङ्गे पुल सम्बन्धी पूर्वाधारहरुको निर्माण, मर्मत सम्भार तथा निर्मित पूर्वाधारहरुको अनुगमन तथा गुणस्तर सम्बन्धि कार्य गर्ने गरि निम्न बमोजिमको कार्यक्षेत्र रहने गरी ६ वटा पूर्वाधार विकास कार्यलयहरु स्थापना भई सेवा प्रवाह भइरहेको छ ।

| क्र.स. | कार्यालय रहेको जिल्ला | कार्यक्षेत्र |
|---|---|---|
| १ | कैलाली | कैलाली |
| २ | कञ्चनपुर | कञ्चनपुर |
| ३ | डडेल्धुरा | डोटी र डडेल्धुरा |
| ४ | बैतडी | बैतडी र दार्चुला |
| ५ | अछाम | अछाम र बाजुरा |
| ६ | बझाङ्ग | बझाङ्ग |

## ४.२ शहरी विकास तथा भवन कार्यालयहरु

| क्र.स. | कार्यालय रहेको जिल्ला | कार्यक्षेत्र |
|---|---|---|
| १ | कैलाली | कैलाली र कञ्चनपुर |
| २ | डोटी | डोटी, अछाम र बाजुरा |
| ३ | बैतडी | बैतडी, दार्चुरा, डडेल्धुरा र बझाङ्ग |

## ४.३ जलश्रोत तथा सिंचाई कार्यालयहरु

हाल जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयहरु प्रदेश भित्रका ९ नौ जिल्लाहरु कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी, बैतडी, दार्चुला, बझाङ्ग, अछाम तथा बाजुरामा जलश्रोत तथा सिंचाई विकास सव-डिभिजन कार्यालय रहेको छ । यसका साथै, प्रदेश भित्रका ९ वटै जिल्लाहरु कार्यक्षेत्र रहने गरि सुदूरपश्चिम  प्रदेशबाट स्थायी रुपमा स्वीकृत गरि भूमिगत जलश्रोत तथा सिंचाई विकास कार्यालय स्थापना गरिएको छ।साथै पथरैया मोहना सिँचाइ क्षेत्रको कमाण्डभित्र मर्मत सम्भार तथा सेवाको निरन्तरताका लागि पथरैया मोहना सिँचाइ व्यवस्था कार्यालय, कैलाली समेतको स्थापना गरिएको छ ।

### ४.४ खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरु

| क्र.स. | कार्यालय रहेको जिल्ला | कार्यक्षेत्र |
|---|---|---|
| १ | कैलाली | कैलाली र कञ्चनपुर |
| २ | डोटी | डोटी, अछाम र बाजुरा |
| ३ | बैतडी | बैतडी र दार्चुला |
| ४ | डडेल्धुरा | डडेल्धुरा र बझाङ्ग |

### ४.५ यातायात व्यवस्था कार्यालयहरु

प्रदेश स्तरको यातायात सम्बन्धि नीति कानून,मापदण्ड, योजनाको तर्जुमा र नियमनगर्ने,सार्वजनिक यातायातको रुट निर्धारण र अनुमति, मापदण्ड, गुणस्तर, भाडादर निर्धारण र अनुमगन तथा नियमन, प्रदेशभित्रको सवारी दर्ता र नविकरण, सवारी चालक अनुमतिपत्र र नविकरण , वातावरणमैत्री, अपाङ्गमैत्री र लैंगिकमैत्री यातायात प्रणाली प्रवर्दन गर्ने, प्रदेश तहमा यातायात सुरक्षा र प्रदुषण नियन्त्रण सम्बन्धि योजना निर्माण र कार्यान्वन गर्ने जिम्मेवारी भौतिक पूर्वाधार विकास मन्त्रालयलाई नेपालको संविधान तथा सुदूरपश्चिम प्रदेश कार्य विभाजन नियमावली, २०७५ ले तोकेको छ। संविधान र सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७९ र सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८० अनुसारका काम गर्न ४ वटा यातायात व्यवस्था कार्यालयहरु रहेका छनः

१. यातायात व्यवस्था कार्यालय, धनगढी, कैलाली ।
२. यातायात व्यवस्था कार्यालय, कञ्चनपुर ।
३. यातायात व्यवस्था कार्यालय, डोटी ।
४. यातायात व्यवस्था कार्यालय, डडेल्धुरा ।

### ४.६ दरवन्दी सम्बन्धी विवरणहरु

| कार्यालय | स्वीकृत दरवन्दी | स्थायी पदपूर्ति | रिक्त | पदपूर्ति (%) |
|---|---|---|---|---|
| खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कैलाली | २१ | ११ | १० | ५२.४ |
| खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डडेल्धुरा | १३ | ५ | ८ | ३८.५ |
| खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डोटी | २२ | ८ | १४ | ३६.४ |
| खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बैतडी | २१ | ९ | १२ | ४२.९ |
| जलश्रोत तथा सिँचाइ विकास सब डिभिजन कार्यालय, बाजुरा | ७ | ५ | २ | ७१.४ |
| जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, अछाम | ११ | ४ | ७ | ३६.४ |
| जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, कञ्चनपुर | १४ | ८ | ६ | ५७.१ |
| जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, कैलाली | १४ | १३ | १ | ९२.९ |
| जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, | ११ | ७ | ४ | ६३.६ |

| कार्यालय | स्वीकृत दरवन्दी | स्थायी पदपूर्ति | रिक्त | पदपूर्ति (%) |
|---|---|---|---|---|
| डडेल्धुरा | | | | |
| जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, डोटी | ११ | ८ | ३ | ७२.७ |
| जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, दार्चुला | ११ | ९ | २ | ८१.८ |
| जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, बझाङ्ग | ११ | ७ | ४ | ६३.६ |
| जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, बैतडी | ११ | ७ | ४ | ६३.६ |
| पथरैया मोहना सिँचाइ व्यवस्थापन कार्यालय, कैलाली | १३ | ९ | ४ | ६९.२ |
| पूर्वाधार विकास कार्यालय, अछाम | १८ | ७ | ११ | ३८.९ |
| पूर्वाधार विकास कार्यालय, कञ्चनपुर | ८ | ५ | ३ | ६२.५ |
| पूर्वाधार विकास कार्यालय, कैलाली | १३ | ११ | २ | ८४.६ |
| पूर्वाधार विकास कार्यालय, डडेल्धुरा | १८ | ९ | ९ | ५०.० |
| पूर्वाधार विकास कार्यालय, बझाङ्ग | ८ | ५ | ३ | ६२.५ |
| पूर्वाधार विकास कार्यालय, बैतडी | १३ | ६ | ७ | ४६.२ |
| भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, कैलाली | १२ | १० | २ | ८३.३ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | ५५ | १६ | ३९ | २९.१ |
| यातायात पूर्वाधार निर्देशनालय | २३ | १० | १३ | ४३.५ |
| यातायात व्यवस्था कार्यालय, कञ्चनपुर | १८ | १२ | ६ | ६६.७ |
| यातायात व्यवस्था कार्यालय, कैलाली | २१ | १२ | ९ | ५७.१ |
| यातायात व्यवस्था कार्यालय, डडेल्धुरा | १२ | २ | १० | १६.७ |
| यातायात व्यवस्था कार्यालय, डोटी | १२ | २ | १० | १६.७ |
| शहरी विकास तथा भवन कार्यालय, कैलाली | १४ | ७ | ७ | ५०.० |
| शहरी विकास तथा भवन कार्यालय, डोटी | १४ | ७ | ७ | ५०.० |
| शहरी विकास तथा भवन कार्यालय, बैतडी | १४ | ५ | ९ | ३५.७ |
| **जम्मा** | **४६४** | **२३६** | **२२८** | **५०.९** |

## ५. प्रदेश स्थापना भए देखि आ.व.०८०/८१ सम्म सम्पन्न प्रमुख कार्य एवँ उपलब्धीहरु

### ५.१ नीति तथा कानूनी सुधारका क्षेत्रहरु

- प्रदेश लोकमार्ग ऐन, २०७५
- ईन्जिनियरिङ सेवाका प्राविधिक कर्मचारी करारमा भर्ना गर्ने सम्बन्धी कार्यविधि, २०७७
- सुदूरपश्चिम प्रदेश जनता आवास कार्यक्रम कार्यविधि, २०७५
- सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था ऐन, २०७९ र नियमावली ,२०८०
- कन्टिन्जेन्सी खर्च सम्बन्धि कार्यविधि, २०७९

- आन्तरिक नियन्त्रण प्रणाली, २०७९
- सुदूरपश्चिम प्रदेशको खानेपानी ऐन र सिंचाइ ऐन ड्राफ्ट तयार भई विज्ञहरुसँग छलफल गरी सम्बन्धित प्रदेश मन्त्रालयहरुको राय परामर्शका लागि अन्तिम तयारीमा रहेको ।

## ५.२ संरचनागत सुधारका क्षेत्रहरु

- प्रदेश सरकार (मन्त्रीपरिषद्) को मिति २०७९/०२/१४ गतेको निर्णयानुसार डोटी र डडेल्धुरा जिल्ला स्थित यातायात व्यवस्था सेवा कार्यालयलाई यातायात व्यवस्था कार्यालयमा परिणत गर्न उक्त कार्यालयहरुको संगठन संरचना तथा व्यवस्थापन सर्भेक्षण स्वीकृत गरी उक्त कार्यालयबाट लाइसेन्स जारी गर्न अनुमती दिएको ।
- मन्त्रालयमा न्यून जनशक्तिबाट कार्यसम्पादन ।
- मन्त्रालय र मातहत कार्यालयहरुको बेरुजु फछ्र्यौटका लागि पहल गरेको ।
- मन्त्रालय मातहत कार्यालयहरुका कार्यालय प्रमुखहरुसँग कार्यसम्पादन करार सम्झौता गरी निर्माण कार्यको गुणस्तर कायम गर्ने तथा तोकिएको लक्ष प्राप्तिका लागि जिम्मेवार बनाएको ।
- यस मन्त्रालयको कार्य सम्पादनको सिलसिलमा विभिन्न कार्यदल तथा समिति निर्माण गरी सामूहिक कार्य प्रणालीको अवलम्बन गरिएको। साथै विभिन्न विषयहरुमा निर्णय गर्दा छलफल गरी छिटो छरितो र प्रभावकारी निर्णय गरेको ।
- यस मन्त्रालयको कार्य सम्पादन तथा सेवा प्रवाह सम्बन्धमा सेवाग्राहीबाट कुनै किसिमको असन्तुष्टि तथा उजुरी प्राप्त नभएको। सेवा प्रवाह गर्दा सूचना प्रविधिको अवलम्बन गरिएको ।
- मन्त्रालयको कार्य सम्पादन तथा सेवा प्रवाह गर्दा संवेदनशील तथा गोप्य राख्नुपर्ने आर्थिक तथा वित्तीय सूचना तथिस अन्य संवेदनशील निर्णय तथा विषयहरुको गोपनीयता कायम गरिएको । हरेक कर्मचारीले आफ्नो पेशागत संवेदनशीलता कायम गरी काम गरेको ।
- मन्त्रालयको भौतिक तथा जिन्सी सम्पत्तिको उचित संरक्षण एवम् उपयोग गरिएको ।

## ६. पुर्वाधार क्षेत्रमा भएका मुख्य उपलब्धीहरु

### ६.१ ऊर्जा, जलस्रोत, सिंचाइ तथा तटबन्धन

- नौगाड जलबिद्युत आयोजना, दार्चुला (६.९७ मे.वा.) को प्रारम्भिक वातावरणीय प्रभाव अध्ययन सहित विस्तृत सम्भाव्यता अध्ययनको कार्य ।
- सुर्नयागाड जलबिद्युत आयोजना, बैतडी (७.७५ मे.वा.) को प्रारम्भिक वातावरणीय प्रभाव अध्ययन सहित विस्तृत सम्भाव्यता अध्ययनको कार्य ।
- अपर सुर्नयागाड जलबिद्युत आयोजना, बैतडी (७.७१ मे.वा.)को प्रारम्भिक वातावरणीय प्रभाव अध्ययन सहित विस्तृत सम्भाव्यता अध्ययनको कार्य ।
- बैकल्पिक उर्जाको विकास र प्रवर्द्धनको लागि ३ वटा परियोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार भएको छ भने १ परियोजनाको पूर्व सम्भाव्यता अध्ययन गरिएको छ र डोटीको बोगटान फुडसिल गाउँपालिका र बैतडीको डिलासैनी गाउँपालिकामा सोलार मिनिग्रीड जडान कार्य सम्पन्न भई सञ्चालनमा रहेको छन् ।
- भूमिगत सिँचाई र सतह सिँचाई तर्फ संचालित आयोजनाहरु अन्तरगत पक्की कुलो २०७४ कि.मि., कच्ची कुलो २९८ कि.मि., र २३८१ वटा डिप ट्युबेल र स्यालो ट्युबेल निर्माण भै १८१२८ हेक्टर क्षेत्रफलमा नयाँ सिँचाई सुविधा पुगेको छ भने १३५४७ हेक्टर क्षेत्रफलमा मर्मत संभार/पुनःनिर्माणबाट सिँचाई सुविधा पुगेको छ ।
- प्रदेश राजधानी तोकिएको क्षेत्र (गोदावरी पुल देखि ५ कि.मि. तल्लो तटीय क्षेत्र) मा नदी नियन्त्रण कार्य को लागि विस्तृत सम्भाव्यता अध्ययन भएको छ ।
- नदि नियन्त्रण, तटबन्ध र पहिरो नियन्त्रण तर्फ कुल जम्मा १९२ कि.मि. नदी नियन्त्रण तथा संरक्षण (प्रोटेक्सन) को कार्य सम्पन्न भइ ३६७१ हेक्टर जमिन उकास तथा कटान रोक्ने काम भएको छ।
- विभिन्न ठुला नदीहरु जस्तैः कान्द्रा, कटैनी, बनरा, शिबगंगा, चौधरको,सेती, बुढगँगामा नदी नियन्त्रण सम्बन्धी कार्य प्रारम्भ गरिएको छ।

### ६.२ खानेपानी, सरसफाइ तथा स्वच्छता

- खानेपानी तथा सरसफाइ तर्फ १०११ वटा आयोजनाहरु (नयाँ तथा पुनर्निर्माण) सम्पन्न भई आधारभूतस्तरको सेवाबाट २३३,५२२ र मध्यमस्तरको सेवाबाट ५९,३०३ गरी कुल २९२८२५ जना स्वच्छ खानेपानीको सेवाबाट लाभान्वित भएका छन्।
- प्रादेशिक खानेपानी सरसफाइ तथा स्वच्छता योजना (P-WASH) तयार भैरहेको छ ।

### ६.३ आवास तथा शहरी विकास

- जनता आवास कार्यक्रम अन्तर्गत लक्षित वर्गका जनताको लागि जम्मा ३६५८ वटा निजी आवास भवन निर्माण सम्पन्न भई विपन्न जनतालाई हस्तान्तरण भएका छन् भने ४८० वटा सामुदायिक/सरकारी भवन निर्माण भएका छन्।

### ६.४ पूर्वाधार विकास, सडक तथा पुल

- सडक पूर्वाधार तर्फ ४७२.७३ कि.मि. कालो-पत्रे पक्की सडक, ७८५.३१ कि.मि. खण्डास्मित (ग्रावेल) सडक र १४२९.३० कि.मि. माटे सडक निर्माण सम्पन्न भएको छ ।
- प्रदेश अन्तर्गतका विभिन्न जिल्लाका सडक सञ्जालमा २९ वटा सडक पुल निर्माण सम्पन्न भएका छन् भने संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा झोलुङ्गे पुल निर्माणको क्षेत्रगत अवधारणामा २३६ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएका छन् । प्रदेश सरकार अन्तर्गत आफ्नै बजेटमा ३४ वटा र स्थानीय तहले २९ वटा गरी जम्मा २९९ वटा झोलुंगे पुल निर्माण सम्पन्न भएका छन्।

### ६.६ यातायात व्यवस्था

- यातायात व्यवस्था अन्तर्गत दुई पांग्रे- ७७२५७, तिन पांग्रे- ९४०१ र चार पांग्रे-१२६९८ गरी जम्मा ९९३५६ वटा नयाँ सवारी साधन दर्ता भएका छन् भने कुल राजस्व रु. ३ अर्व ९० करोड ६७ लाख ४५ हजार संकलन भएको छ ।
- प्रदेश वस सेवा निगम गठन तथा सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिएको छ। हाल यातायात व्यवस्था कार्यालय, कैलाली र कञ्चनपुरवाट सवारी चालक अनुमतिपत्र वितरण भईरहेकोमा आ.व.२०७८/७९ देखि यातायात व्यवस्था कार्यालय डोटी र डडेल्धुराबाट पनि सवारी चालक अनुमति पत्र वितरणको प्रक्रिया सुरु भएको छ ।

## ७. आ.व.२०८०/८१ को वार्षिक प्रगति एवँ मुख्य उपलब्धीहरु

यस मन्त्रालय तथा मातहतका कार्यालयहरुको समग्र वार्षिक वित्तीय तथा भौतिक प्रगति तथा मुख्य उपलब्धीहरु देहाय बमोजिम रहेको छ ।

| चालु तर्फ : | पुजिगत तर्फ (समानिकरण अनुदान) | पुजिगत तर्फ (सशर्त अनुदान) | कुल वार्षिक | |
|---|---|---|---|---|
| | | | वित्तीय प्रगति | भौतिक प्रगति |
| बार्षिक बजेट | बार्षिक बजेट रु. (रु. | बार्षिक बजेट रु. | | ७९।००% |

| | | | | |
|---|---|---|---|---|
| रु (हजारमा): ५१२२४२।६४५ | हजारमा): ९७००४३७ | (रु.हजारमा): २४९६००० | ७०।७८ % | |
| खर्च रु: ३६६६२४।०४ | खर्च रु: ७३४६०४७।८९ | खर्च रु: १२८ २०५८ | | |
| प्रगति : ७१.५७ % | प्रगति : ७५.७३ % | प्रगति : ५१.३६ % | | |

## ८. आर्थिक वर्ष २०८०/०८१ मा भएका मुख्य वार्षिक उपलब्धीहरु

### ८.१ ऊर्जा, जलस्रोत, सिंचाइ तथा तटबन्धन

- भूमिगत सिँचाई र सतह सिँचाई तर्फ संचालित आयोजनाहरु अन्तरगत पक्की कुलो १७१ कि.मि., कच्ची कुलो ४६ कि.मि., पानीपोखरी ९८ वटा , पाइप लाइन १०७ कि.मि. र २७ वटा डिप ट्युबेल निर्माण कार्य सम्पन्न भइ ६९०६ हेक्टर क्षेत्रफलमा नयाँ सिँचाई सुविधा पुगेको छ भने ७९२२ हेक्टर क्षेत्रफलमा मर्मत संभार/पुन:निर्माणबाट सिँचाई सुविधा पुगेको छ ।
- नदि नियन्त्रण, तटबन्ध र पहिरो नियन्त्रण तर्फ कुल जम्मा १९ कि.मि. नदी नियन्त्रण तथा संरक्षण (प्रोटेक्सन) को कार्य सम्पन्न भइ ८२९ हेक्टर जमिन उकास तथा कटान रोक्ने काम भएको छ।

### ८.२ खानेपानी, सरसफाइ तथा स्वच्छता

- खानेपानी तथा सरसफाइ तर्फ २०६ वटा आयोजनाहरु (नयाँ तथा पुनर्निर्माण) सम्पन्न भई २२५ वटा सार्वजनिक र १०७७० वटा नीजि धारा जडान गरि आधारभूतस्तरको सेवाबाट ९३,७७४ र मध्यमस्तरको सेवाबाट २१,०७७ गरी कुल ११४,८५१ जना स्वच्छ खानेपानीको सेवाबाट लाभान्वित भएका छन्।
- प्रादेशिक खानेपानी सरसफाइ तथा स्वच्छता योजना (P-WASH) तयार भैरहेको छ ।

### ८.३ आवास तथा शहरी विकास

- जनता आवास कार्यक्रम अन्तर्गत लक्षित वर्गका जनताको लागि जम्मा ८० वटा निजी आवास भवन निर्माण सम्पन्न भई विपन्न जनतालाई हस्तान्तरण भएका छन् भने ३३ वटा सामुदायिक/सरकारी भवन, स्थानिय सडक २२ कि।मि।, कभर्ड हल ४ वटा र खेल मैदान ३ टा निर्माण भएका छन्।

### ८.४ पूर्वाधार विकास, सडक तथा पुल

- सडक पूर्वाधार तर्फ २१२ कि.मि. कालो-पत्रे पक्की सडक, १०६ कि.मि. खण्डास्मित (ग्रावेल) सडक र ,१६० कि.मि. माटे सडक गरि कुल ४७८ कि.मि. सडक निर्माण सम्पन्न भएको छ ।
- प्रदेश अन्तर्गतका विभिन्न जिल्लाका सडक सञ्जालमा ८ वटा सडक पुल र २ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएका छन्।

### ८.५ यातायात व्यवस्था तर्फ

- यातायात व्यवस्था अन्तर्गत दुई पांग्रे- ८०००, तिन पांग्रे- १०९४ र चार पांग्रे- १४५७ गरी जम्मा ९३३४ वटा नयाँ सवारी साधन दर्ता भएका छन् भने कुल राजस्व रु. ९३ करोड ३४ लाख ३५ हजार संकलन भएको छ ।

बौराहा नादिमा पकी पूल निर्माण चितालपुर घो.न.पा.२ (RCC 25m span Double Lane with Footpath)





सुख्खड भजनी सडक कालोपत्रे, घोडाघोडी नगरपालिका, कैलाली (Double lane, First Asphalt Road of IDO, Kailali ७.८७ KM)

पूर्वाधार विकास कार्यालय, धनगढी, कैलाली ।

कनकट्टी खोला सडक पुल बेदकोट न पा ९ र भि न पा वडा नं २ जोड्ने पुल कन्चनपुर ।

लम्बाई २५ मिटर






कृष्ण बैजनाथ बहुमूखी क्याम्पस जोड्ने (टोटीनाला) सडक पुल शुक्लाफाँटा न पा कन्चनपुर ।

लम्बाई ३० मिटर

पूर्वाधार विकास कार्यालय, कन्चनपुर ।

उग्रतारा मेलौली सडक, डडेल्धुरा ।





बगरकोट रुपाल सडक खण्ड

पूर्वाधार विकास कार्यालय, डडेल्धुरा ।

सतबाझ-श्रीभावर-हाट-दार्चुला  सडक, बैतडी
(हालसम्म कालोपत्रे कार्य-१२ कि.मि)
पूर्वाधार विकास कार्यालय, बैतडी ।






घट्टेगाड सडकपुल-३० मि,मर्मा गा.पा दार्चुला
पूर्वाधार विकास कार्यालय, बैतडी ।

# Sanfe-Budhakot-Sadak Achham





कोरेली खोला झोलुङ्गे पुल, ढकारी, अछाम
पूर्वाधार विकास कार्यालय, अछाम ।

१४ घ.मी. फेरो सिमेन्ट टंकी मारभट्टी खा.पा.यो.
चुरे गा.पा., कैलाली





१४ घ.मी. फेरो सिमेन्ट टंकी घरखेडा खा.पा.यो.
चुरे गा.पा., कैलाली


शिराड मटेला खा पा भागेश्वर ५
डडेलधुरा


ढकानी बेसारे खोला
खानेपानी प न पा 10
डडेल्धुरा

गौरेली  खा.पा.आ. १०० m३ टंकी

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डोटी ।





बाजीलेख खा.पा.यो

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डोटी ।

काफलगोदा काफलटुडा खानेपानी





जरोली बिराली खा पा १, बैतडी

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बैतडी ।

घोडाघोडी सांस्कृत संग्रहालय घोडाघोडी नगरपालिका





मानव सेवा आश्रम पर्खाल निर्माण, धनगढी

शहरी विकास तथा भवन कार्यालय, कैलाली ।


जय किसन महर
दोगडाकेदर 04
Shot on OnePlus
AbiR@l


दामी राम भुल
डिलाशैनी जनता आवास निर्माण समिती
डिलाशैनी ७ बैतडी



निर्माणाधिन वयलपाटा कर्भड हल निर्माण सा.न.पा-०८, अछाम




बडासैन खेल निर्माण, अछाम

शहरी विकास तथा भवन कार्यालय, डोटी ।





Hariyali DTW, Dhangadhi-19, Kailali

भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, कैलाली ।





पथरैया मोहना सिंचाई व्यवस्थापन कार्यालय, कैलाली ।

लिक्मा नदि तटबन्धन, गौरिगंगा न.पा.८, कैलाली





कान्द्रा नदि नियन्त्रण,आयोजना,भजनी न.पा.०४ धनौरा, कैलाली

जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, कैलाली ।

झले खोला नियन्त्रण कार्य बेदकोट न.पा. ५ पोलखरी कञ्चनपुर






चौधर नदी नियन्त्रण योजना, वेदकोट न पा-३,

जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, कञ्चनपुर ।

बगडीगाड सिंचाइ योजना पाटन न.पा. ०६





मडगाँउ नदी नियन्त्रण योजना पुचौंडी न.पा. ०४ बैतडी

जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, बैतडी ।

कुलेश्वरी सिचाइ योजना मार्मा १ तोलीमाडौ दार्चुला





मसिनीफेरा सिचाइ योजना महाकाली ६ दार्चुला

बुढीगङ्गा नदि नियन्त्रण बुढीगङ्गा-६





लमगाउँ सि.यो. खसडछेडेदह गा.पा.-७

ठगुवा बुडेकोताल सि.यो. जोरायल ५ डोटी





लस्कर सिंचाइ योजना, जोरायल ३ डोटी



Gagarkot Isp bhageshwar-4



Thadlek Isp Parsuram-2


घुडखोला दोभान ठुलाखेत तेलपारा
सि.यो., ढकारी-८, अछाम


घट्टेगाड भम्केली सि.यो., तुर्माखाद-७,
अछाम



*खेईरा जिउला*



**मझखोरी सिचाई पोखरी छबिस पथिभेरा -६**